अनुसूचि-४

## हिमाली क्षेत्र विकास केन्द्रका कर्मचारी तथा पदाधिकारीहरुले पालना गर्नुपर्ने १६ वटा आचारसंहिताहरु

१) हामी हाम्रा सबै गतिविधि, निर्णय, योजना र व्यवहारमा PVSE को सर्वोत्तम हितलाई उच्च प्राथमिकता दिन्छौं । जोखिम अवस्थाका बालबालिका र महिला तथा वन्चितिमा परेकालाई सक्दो सहयोग गर्न तत्पर छौं ।

२) हामी लैंगिक सम्वेदनशील कार्यव्यवहारमा सचेत छौं र सोही बमोजिम गर्दछौं ।

३) हामी संस्थागत रुपमा राजनैतिक दलका गतिविधिमा संलग्न हुँदैनौं र एक अर्काका कुरा सार्ने गर्दैनौं ।

४) हामी सामाजिक समानतामा विश्वास राख्दछौं र सबैको आदर, सम्मान गर्दछौं ।

५) हामी मानव अधिकारका मापदण्डहरुको सम्मान गर्दै व्यवहारमा निष्पक्ष रही मानव अधिकार, लैंगिक समानता,सिमान्तिकृत जाति तथा समुदायको हितको पक्षमा र सबै प्रकारका सामाजिक विभेदहरुको विरुद्ध नि:शर्त पैरवी गर्दछौं ।

६) हामी कहिल्यै पनि अल्पसंख्यकको पक्षमा वा हामीलाई मात्र फाइदा हुनेगरी निर्णय गर्दैनौं ।

७) हामी संलग्न काममा हाम्रो उपस्थितिको उद्देश्य बारे सबैलाई स्पष्ट बताउँछौं र शिष्टता प्रदर्शन गर्दछौं ।

८) हामी आफू स्पष्ट नभएको विषयमा निर्णय दिदैनौं । थाहा भएकाहरुसंग सोधेर, छलफल गरेर मात्र बोल्छौं

९) हामी स्थानीय असल संस्कृति र परम्परालाई सम्मान, समुदायका विचारहरुलाई आदर गर्दछौं र आफूलाई समुदायको सहजकर्ताको रुपमा प्रस्तुत गर्दछौं ।

१०) हामी हाम्रो काम, कर्तव्य प्रति स्पष्ट र व्यवहारमा पारदर्शी छौं । हामी सार्वजनिक सम्पत्तिलाई आफूखुशी व्यक्तिगत काममा प्रयोग गर्दैनौं र हिनामिना गर्दैनौं ।

१२) हामी सधैं आशावादी हुन्छौं र सकारात्मक, वैकल्पिक एवं रचनात्मक कुराहरुको खोजीतिर ध्यान दिन्छौं ।

१३) हामी सादा जीवनमा विश्वास गर्दछौ र सधैं सत्य बोल्छौं ।

१४) हामी आफूलाई संस्थाको सच्चा, ईमान्दार र प्रतिबद्ध कार्यकर्ताको रुपमा प्रस्तुत गर्दछौं र सोही अनुसार व्यवहार गर्दछौं ।

१५) हामी अन्तराष्ट्रिय मानवीय कानुन, सन्धी, सम्झौता र सामाजिक संस्थाका कार्यकर्ताहरुले पालना गर्नुपर्ने आचारसंहिताहरुको उच्च आदर गर्दछौं र पालना गर्दछौं ।

१६) हामी आफ्नो चरित्र बारे सँधै सचेत रहन्छौं, आफ्नो कारणले संस्था, कार्यक्रम र समुदायलाई बाधा नपुगोस् भन्ने कुरामा संवेदनशिल छौं ।

## हिमाली क्षेत्र विकास केन्द्रका कर्मचारी तथा पदाधिकारीहरुले गर्न नहुने १६ वटा आचारसहिंताहरु

**हामी समुदायमा सामाजिक कार्यकर्ताको रुपमा काम गर्दा तपसिलका कार्यहरु नगर्नमा सधैं सचेत छौं :**

१) कसैलाई पनि झुक्याएर वा प्रभावमा पारेर काम गर्दैनौं ।

२) कसैलाई पनि गल्तिको आक्षेप लगाउँदैनौं ।

३) न्यायिक निर्णयको शुरुवात हामीबाट गर्दैनौं ।

४) असल कामका लागि सवैको सहमतीको बारेमा चिन्ता लिदैनौं ।

५) कुनै पनि आश्वासन दिई सो गराउँछु भनी कुनै पनि पक्षसँग स:शर्त प्रतिबद्धता व्यक्त गर्दैनौं

६) हामीलाई सवैले एकै प्रकारले सहयोग गर्छन् भनेर आशा गर्दैनौं ।

७) आवश्यक कुरामा गोपनियताको बाचा भंग गर्दैनौं ।

८) हामी हाम्रा कामका लागि प्रचारवाजी खोज्दैनौं ।

९) हामी अरुका बारेमा आवश्यकता भन्दा बढी विस्तृत जानकारी लिदैनौं ।

१०) आ-आफ्नो जिम्मेवारीको कामका लागि निर्देशनको अपेक्षा गरी बस्दैनौं ।

११) हामी अरुको काम गरिदिदैनौं, अरुको सशक्तिकरण मात्र गर्दछौं ।

१२) हाम्रा गतिबिधिले सामाजिक शान्ति र न्यायको रुप बिगार्न वा बहकाउन दिदैनौं ।

१३) हामी कसैसंग पनि विषयवस्तु भन्दा टाढा गएर छलफल गर्ने प्रयास गर्दैनौं ।

१४) हाम्रा कार्यले नीतिगत वा व्यवहारिक रुपमा आफैलाई विवादको विषय बनाउँदैनौं ।

१५) समुदायको हित विरुद्ध कुनै पनि पक्षसँग संस्थागत लेनदेनका शर्तहरु स्वीकार गर्दैनौं ।

१६) हामी खराब चरित्र कहिल्यै प्रदर्शन गर्दैनौं ।

१७) यस संस्थासँग सम्बन्धित कुनै पनि कर्मचारीले आफ्नो योग्यता, उमेर, नाम, थर, नागरिकता आदि ढाँटी छली काम गरेको थाहा भएमा प्रचलित नियम कानुन अनसार कारवाही हुनेछ ।